# येशू ख्रीष्टमा बढ्दै जानु
# (Growing in Christ)


लेखकः

**Kwabena Donkor**

(क्वाबना डन्कोर)



अनुवादक

**भजुराम श्रेष्ठ**



## पब्लिशिङ्ग डिपार्टमेन्ट अभ्
## सेभेन्थ-डे एडभेन्टिस्ट चर्च,
## नेपाल फिल्ड

(Publishing Department of Seventh-Day Adventist
Church, Nepal Field)

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादक: जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: अलेक्जेण्डर ग्रीभ लीय
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्ने: जितेन्द्र श्रेष्ठ तथा फाल्वो फाओलर
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग**

प्रथम संस्करण : २०६९ (२०१२)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
प्रकाशन सहयोगी - अमर पोते
कम्प्यूटर लेआउट तथा आवरण चित्र
सुजित कुमार साह

**(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नुहोला)**

अनुवादकको अनुरोध: पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुटिहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

**प्रकाशक**
पा. उमेश कुमार पोखरेल,
निर्देशक: पव्लिशिङ्ग डिपार्टमेन्ट नेपाल फिल्ड अभ एसडिए चर्च, फोन: ६६३७१८१, umsan@wlink.com.np

सम्पर्क:-
एल्डर कुबेर लामिछाने ☎ ९८४१७१५०९५
एल्डर कपिल बानिया ☎ ९८५१०९४२२५
☎००९१९४३४५००९८३
एल्डर भजुराम श्रेष्ठ, ☎ ५५२७८३०
**bhajupurna@gmail.com**

# भुमिका

## सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको मौलिक विश्वासहरू

प्रत्येक व्यक्तिले कुनै न कुनै कुरामा विश्वास गरेको हुन्छ। कसैलाई विश्वास गर्दिन भन्नेले पनि कुनै कुरालाई विश्वास गरेको हुन्छ। हामीले गर्ने विश्वासहरू अति महत्त्वपूर्ण हुन्छन्, किनभने हामीहरू कसरी र किन जीउने भन्ने लक्ष्यलाई निर्धारण गर्न हामीहरूको विश्वासले ठूलो प्रभाव पार्दछ। विश्वासद्वारा आत्मज्ञानप्रति मोह हुनुको सट्टा कुनै समूहमा सम्मिलित भएर सुरक्षितको अनुभव पाउन कतिपय इसाईहरू चाहना गर्दछन्। तर कुनै पनि हावामा समूह खडा हुँदैन। साझा विश्वासहरू, साझा लक्ष्यहरू र साझा समस्याहरूलाई नै मूल आधार बनाएर समूह खडा हुन्छ।

संसारमा जहाँ गएतापनि सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई एक समूह भनेर एकत्रित राख्ने साझा तत्व नै हाम्रा “मौलिक शिक्षा वा विश्वासहरू" हुन्। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको २८वटा मौलिक विश्वासहरू छन्। ख्रीष्टमा हुर्कन ती विश्वासहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ। अनन्त जीवको लक्ष्यमा लम्किन्दै परमेश्वरमाथिको आस्थामा सामूहिक भएर जीउन ती मौलिक शिक्षाहरूले उल्लेखनिय भूमिका खेल्दछन्।

बाइबलका शिक्षादिक्षा वा आत्मज्ञानसँग केहि मतलव छैन, केवल ख्रीष्टलाई प्रेम गरे पुगिहाल्छ नी भनेर कतिले तर्क गर्दछन्। झट्ट हेर्दा त्यो निति रमाइलो देखिन्छ। तर ख्रीष्टलाई माया गर्नुबाट सत्य ज्ञानप्रति मोहित हुनलाई कहिलै पनि बाइबलले छुट्याइएको छैन। “सत्यलाई प्रेमपूर्वक" बोलेर ख्रीष्टमा वढ्नु भनेर हामीलाई पावलले निर्देशन दिनुभएको छ (एफिसी ४:१५)। यसको अर्थ आत्मज्ञान वा शिक्षादिक्षा जान्नुको अर्थ केवल “मलाई सबै कुरा थाहा छ" भनेर आफ्नो ज्ञानप्रति अहँ हुनुहोइन। ठिक आत्मज्ञान जान्नुमात्र सबै थोक होइन। तर सत्य आत्मज्ञानले परमेश्वरप्रतिको श्रद्धा र मायालाई अग्रसर गराउँछ (२ यूहन्ना ६-१०)। “संतुलित वा स्वस्थ शिक्षादिक्षा"को अत्यन्त महत्त्वपूर्ण हुन्छ किनभने त्यसले येशूभक्तको नैतिक जीवन यापन गर्न सहायता गर्दछ (१ तिमोथी १:९, १०, तितस २:१-५)।

आधिकारिक वक्तव्यमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको २८वटा मौलिक शिक्षाहरू छन्। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको ती मौलिक शिक्षाहरूको सूची

अपरवर्तनीय छन् र ती मात्र छन् भनेर हामी दावी गर्दैनौं। किनभने नयाँ नयाँ आत्मज्ञानहरूको निम्ति हाम्रो ढोका सधैं खुला राख्नुपर्छ भनेर हामी विश्वास गर्दछौं। तर चर्चलाई लक्ष्यतिर लान र चर्चका सबै विश्वासीहरूलाई एकत्रित पारिराख्न ती २८वटा मौलिक शिक्षाहरू अत्यन्त महत्त्वपूर्ण छन्। ती साझा मौलिक शिक्षाहरू बाहेक विश्वका लाखौं सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई एकत्रित पारेर साझा अभियानमा लगाउने अरू तत्व के होला त?

सम्पूर्ण २८वटा मौलिक सिद्धान्तहरू उत्तिक्कै महत्त्वपूर्ण भएतापनि यस अध्ययनमा हामीले केवल केहि सिद्धान्तहरूलाई केन्द्रित गरि छलफल गर्नेछौं। सेभेन्थ-डे एडभेन्टिस्ट भनेर चिनाउने आधार नै ती सबै मौलिक सिद्धान्तहरू हुन् भनेर हामी दावी गर्दछौं। तर यस अध्ययन पुस्तकमा ती सबैको बारेमा अध्ययन गर्न भ्याउँदैन। तर ती केहि शिद्धान्तहरूलाई आत्मसात् गर्न र तिनीहरूप्रति अझ अध्ययनशील हुन यस पुस्तकले केहि हदसम्म सहयोग होस् भन्ने हामी आशा व्यक्त गर्दछौं। ती २८वटा मौलिक शिक्षादिक्षाहरू मध्ये नम्वर ११लाई हामी विशेष ध्यान दिनेछौं। येशू ख्रीष्टमा कसरी वढ्ने वा हुर्कने भनेर त्यसमा निर्देशन दिएको छ। पुरानो मौलिक शिक्षाहरूमा समावेश नभएको त्यस निर्देशन, अमेरिकाको सेन्ट लुइस, मसुरीमा सन् २००५ सम्पन्न भएको साधारण सभा अर्थात् जनरल कन्फरेन्समा सर्वसम्मतवाट पारित भएको थियो (यस पुस्तकको ५-८ अध्यायहरूमा त्यसबारे छलफल गरिएको छ)। त्यसको अर्थ हामीलाई जानकारी नभएको नयाँ शिक्षालाई थपेको होइन। तर इसाई वा येशूभक्त हुँ भन्ने दावी गर्नेहरूलाई दुष्टका वीर वा शक्तिहरूमाथि ख्रीष्टमा विजय प्राप्त गर्न परमेश्वरले कसरी शक्ति दिनुहुन्छ भन्ने आत्मज्ञानलाई अझ वढि स्पष्ट रूपमा बुझाउन त्यस निर्देशन थपिएको हो। स्पष्टरूपमा भन्ने हो भने, यस अध्ययन पुस्तक ख्रीष्ट र सैतानको बीचमा भइरहेको महान् युद्धको भूमिकामा आधारित छ। त्यसलाई हामी “ग्रेट कन्त्रोभर्सी" वा महान विवाद अर्थात् तार्किक संग्राम कहलाउँछौं।

त्यस महान् विवादको मूल विषय वस्तु नै ख्रीष्टमा मात्र पाउने मुक्ति हो। त्यो विषय हामीहरूले सिकाउने सम्पूर्ण शिक्षादिक्षालाई बाँध्ने धागो हो।

मुक्तिको योजना तयार पार्ने मञ्च नै ख्रीष्ट र सैतानको बीचमा भएको महान् विवाद थियो। सम्पूर्ण २८वटा मौलिक शिक्षादिक्षाहरूमा कुनै न कुनै रूपले महान् विवादको विषय वस्तु लुकिएको पाउँछौं।

तर एउटा कुरो ख्याल राख्नु जरूरी छ। हामीहरूको आत्मिक जीवनको लक्ष्य केवल ती शिक्षादिक्षामा प्रखर वा पोख्त हुनुमात्र होइन। ती आत्मज्ञानहरूद्वारा हामीलाई येशूतिर नजिक ल्याउनु हाम्रो लक्ष्य हो। ती शिक्षादिक्षाले हाम्रो बारेमा पहिचान दिंदछ र ख्रीष्टमा हुर्कन र वढ्न सहयोग गर्दछ। अझ वढि महत्त्वपूर्ण कुरो त हाम्रा ती २८वटा मौलिक शिक्षाहरूको लक्ष्य नै हाम्रो मुक्तिको योजनामा येशूले कस्तो उल्लेखनीय भूमिका खेल्नुभयो भन्ने ज्ञानलाई अझ गहिरोमा पुऱ्याउनु हो। त्यो आत्मज्ञानको ज्योति हाम्रो हृदयमा चम्काउन सक्यौं भने त्यसले हामीलाई सनातन परमपिता परमेश्वरलाई भित्री गहिरो हृदयदेखि प्रेम गर्न उक्साउँदछ। त्यसले हाम्रो जीवनलाई परमेश्वरको सेवा गर्न अर्पित गराउँदछ। स्वर्गका स्थानहरूमा भएका विभिन्न राज्य तथा शक्ति र मानव संसारलाई प्रेम गर्न हाम्रा आत्मज्ञानले दोऱ्याउँछ (एफिसी ३:१० रूपान्तरित)।

हो, प्रिय पाठकवृन्धहरू, प्रत्येकले कुनै कुन कुनै कुरालाई विश्वास गर्छ। यस अध्ययन पुस्तकको लक्ष्य यी हुन्ः सत्यप्रति मोह (यूहन्ना १४:६) यसलाई अध्ययन गर्ने पाठकवर्गको बढोस्, येशूमा अनुराग वा अझ वढि तिनीहरूको प्रेम वढोस् र उहाँको अनुग्रहमा तिनीहरू वढ्दै जाउन्।

*यस अध्ययन पुस्तकको लेखक अफ्रिकाको घाना निवासी क्ववना डन्कर हुनुहुन्छ। उहाँ अमेरिकाको मेरिल्याण्ड, सिलभर स्प्रिङ्गमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको मुख्यालय जनरल कन्फरेन्सको बाइबल अनुसुन्धान केन्द्रको निर्देशक हुनुहुन्छ।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | येशू र सैतानको बीचमा महान् मतभेद | १ |
| २. | प्रकाशको पुस्तकमा प्रकट गरिएको परमेश्वर | १३ |
| ३. | मानिस | २५ |
| ४. | मुक्ति | ३७ |
| ५. | येशू ख्रीष्टमा वढ्नु | ४७ |
| ६. | दुष्टको शक्तिहरुमाथि विजय | ५९ |
| ७. | ख्रीष्टमा विजय हुन... | ७१ |
| ८. | चर्च: परमेश्वरको पवित्र थलो | ८३ |
| ९. | चर्च: जहाँ विशेष रीति र सेवाकार्यहरु हुन्छन् | ९५ |
| १०. | परमेश्वरको व्यवस्था | १०७ |
| ११. | इसाई अर्थात सच्चा येशूभक्तको जीवन | ११९ |
| १२. | अन्तिम गतिविधिहरू: | १३१ |
| १३. | जब सबै थोकहरू नयाँ हुनेछ | १४३ |